आज मिति २०७७/०८/१९ गते शुक्रवारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| नामथर | पद |
|---|---|
| श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्म्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिन नामगेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङ्गो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवी गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छीरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थितिः

| | |
|---|---|
| सुदर्शन पौडेल | अधिकृत ( छैंठौं) |

**प्रस्तावहरुः**

**प्रस्ताव नं. १ निर्णय सच्याइएको सम्बन्धमा ।**

**प्रस्ताव नं. २ मुक्तिक्षेत्र भित्र रहेका प्राचिन गुफाहरु लाई पुरातत्व विभाग मार्फत विश्व सम्पदाको सूचिमा सुचिकृत गर्न पत्र पठाउने सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ उद्यम विकास सहजकर्ता छनोट तथा नियुक्ति गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं. ४ अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिका सदस्य चयन सम्बन्धमा ।**

**प्रस्ताव नं. ५ गाडि मर्मत सम्बन्धमा ।**

**प्रस्ताव नं. ६ गाडि खरिदका लागि पत्राचार सम्बन्धमा ।**

**प्रस्ताव नं. ७ शैक्षिक सत्र, विद्यालयहरुमा लेखापरिक्षण र घुम्ति पढाइ कार्यक्रम सम्बन्धमा ।**

**प्रस्ताव नं. ८ स्थानिय पाठ्यक्रम निर्माण सम्बन्धमा ।**

**प्रस्ताव नं. ९ जनप्रतिनीधि बिमा सम्बन्धमा ।**

CamScanner

प्रस्ताव नं. १० कागबेनी श्राद्धस्थल तथा लुप्रा गाउँमा बाढीले पुर्‍याएको क्षति हटाउन प्रयोग गरिएको डोजरको बिल भुक्तानी, झोङ सिंचाई कुलो मर्मत र खिङ्गा हिल्गु सिंचाई कुलो मर्मतको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ११ आवास भत्ता सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको मिति २०७७/०४/२५ गतेको निर्णय नं. २ मा कागबेनी स्वास्थ्य चौकीमा रहेको कार्यालय सहयोगिको पदमा श्रावण १ गते देखि लागु हुने गरी गरिएको नयाँ करार अनुमोदन मा सो नियुक्ति दिनुपर्ने ब्यक्तिको नाम पुनिसरा पुर्जा हुनुपर्नेमा अश्मी पुर्जा भएको हुँदा सो निर्णय सच्याइएको छ ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्व सम्पदा सूचिमा Tentative सूचिमा रहेको/परेको तत्कालिन श्री ५ को सरकार, संस्कृती तथा पर्यटन मन्त्रालयले प्रस्तावित गरेको मुक्तिक्षेत्र उपत्यका ( Muktichhetra Vallay) गुफा सम्बन्धी विषयमा अन्तिम सूचिमा राख्न नेपाल सरकार पुरातत्व विभाग, काठमाण्डौलाइ पत्र पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा उद्यम विकास सहजकर्ता छनोट तथा नियुक्ति गर्ने विषयमा पछि छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा अपाङ्गता परिचय-पत्र वितरणका लागि यस गाउँपालिकाको "अपांङ्गता भएका ब्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७७" को दफा ६ बमोजिम अपाङ्गता परीचय-पत्र वितरण समन्वय समितिमा सोहि कार्यविधिको दफा ६ (ख) ) बमोजिम गाउँपालिकाले चयन गर्ने सदस्यमा लक्ष्मि गुरुङ रहने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७७/०८/१७ गते जोमसोमबाट कागबेनी आउदैं गर्दा यस गाउँपालिकाको गा.डि. नं. ग १ झ ३३९ मा कालिगण्डकी करिडोरको जोमसोम कागबेनी खण्डमा, पाक्लिङ जाने झोलुङ्गे पुल देखी २०० मिटर जोमसोम तर्फको बाटोमा माथि भिरबाट खसेको ढुङ्गाबाट क्षति पुगेको हुँदा सो को मर्मत, गाउँपालिकाको बजेटको खर्च शिर्षक नं. २२२१३, सवारी साधन मर्मत कोषबाट खर्च बेहोर्ने गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकालाई आवस्यक एक गाडि खरिद गर्नका लागि सम्बन्धीत निकायमा पत्र पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७४/७५/, ०७५/७६ को विद्यालयको लेखापरिक्षण यसै शैक्षिक सत्र भित्र हुने भएकोले सम्बन्धित वडाले विद्यालयको आर्थिक गतिविधिमाथि निगरानी राख्ने । अत्याधिक चिसोका कारण २ महिना विद्यालय बन्द रहने भएकोले वडाहरुमा घुम्ति पढाई कार्यक्रम सञ्चालन गर्न दक्ष सहजकर्ता विद्यालय र वडाको समन्वयमा नियुक्ति गरी मंसिर मसान्त सम्म यस कार्यालयमा नियुक्ति पत्र पठाउन अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानिय पाठ्यक्रम सम्बन्धमा विज्ञहरु सँग छलफल गरी अर्को बैठकबाट निर्णयलिने निर्णय गरीयो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा गण्डकी प्रदेश सभाबाट जारीगरीएको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ( प्रदेश राजपत्र खण्ड ०३ पोखरा,

CamScanner

असार २६ गते, २०७७ साल ( अतिरिक्ताङ्क ०४) मा व्यवस्था भएबमोजिम गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरुलाई सोहि ऐनको अनुसूचिमा तोके बमोजिम बिमा रकम भुक्तानी दिने निर्णय गरीयो।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा कागबेनी श्राद्धस्थल तथा लुप्रा गाउँमा बाढीले पुऱ्याएको क्षति हटाउन प्रयोग गरिएको डोजरको बिल भुक्तानी, झोङ सिंचाई कुलो मर्मत र खिङ्गा हिल्गु सिंचाई कुलो मर्मतको भुक्तानी गाउँपालिकाको उपाध्यक्ष र सम्बन्धित वडाध्यक्ष सहितको अनुगमन टोलिलर निरिक्षण गरि प्रतिवेदन प्राप्त भए पस्चात सोहि बमोजिम गर्ने।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिकाका कार्यालय तथा शाखा कार्यालयका सरकारी कार्यालयमा बसेका र गाउँपालिकाले भाडामा लिएका कोठाहरुमा आवासमा बसेका र आफ्नै घरमा बस्ने स्थानिय कर्मचारीहरुलाई बाहेक अन्य ब्यक्तिको घरमा आफै भाडा तिरि डेरा लिई बस्ने कर्मचारीहरुलाई मिति २०७७/०४/०१ गतेदेखि लागुहुने गरी जनहि मासिक रु. २००० (दुई हजार रुपैया) आवास भत्ता दिने निर्णय गरीयो। यस सम्बन्धमा कुनै दुविधा परेमा अर्को बैठकबाट सो विषयमा निर्णय गर्न सकिने।